आज मिति २०८३/०५/१८ गते विहीबारको दिन यस शुद्धोदन गाउँपालिका, गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०८३/८४ को चौथो कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद बस्यालज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक कक्षमा बसी तपसिलको उपस्थितिमा देहायबमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क.सं. | हस्ताक्षर | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री विष्णु प्रसाद वस्याल | अध्यक्ष |
| २ | | श्री शान्ता देवी ज्ञवाली | उपाध्यक्ष |
| ३ | | श्री उदयराज गडेरिया पाल | वडा अध्यक्ष-१ |
| ४ | | श्री कमल खड्का क्षेत्री | वडा अध्यक्ष-२ |
| ५ | | श्री हेम वहादुर खड्का | वडा अध्यक्ष-३ |
| ६ | | श्री केशव प्रसाद अधिकारी | वडा अध्यक्ष-४ |
| ७ | | श्री चन्द्रभान चौधरी थारु | वडा अध्यक्ष-५ |
| ८ | | श्री उपेन्द्र साहनी | वडा अध्यक्ष-६ |
| ९ | | श्री भिम नारायण चौधरी | का.वा. वडा अध्यक्ष-७ |
| १० | | श्री शान्ति सुनार | कार्यपालिका सदस्य |
| ११ | | श्री पवित्रा थारु | कार्यपालिका सदस्य |
| १२ | | श्री गिता नेपाली | कार्यपालिका सदस्य |
| १३ | | श्री रुक्मिणी थारु | कार्यपालिका सदस्य |
| १४ | | श्री राममिलन लोध | कार्यपालिका सदस्य |
| १५ | | श्री सुरेश वहादुर सार्की | कार्यपालिका सदस्य |
| १६ | | श्री लेख वहादुर बस्नेत | सदस्य-सचिव |
| | आमन्त्रीत | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |

न गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०५।१८ गतेको बैठकका निर्णयहरु:

न गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०५।१८ गतेको बैठकका निर्णयहरु:

यस अघि कार्यपालिकाले गरेका विभिन्न निर्णयहरुको समिक्षा गरी आगामी दिनहरुमा निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै पक्षले आ-आफ्नो स्थानबाट भूमिका खेल्ने निर्णय गरियो ।

मिति २०८३ साल भदौ १० गते रसुवा जिल्लाको रसुवागढी, भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीबाट भएको ठूलो जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै उक्त घटनामा परी ज्यान गुमाउनुहुने सम्पूर्ण व्यक्तिहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने, शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने तथा घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो ।

मिति २०८३ साल भदौ १० गते रसुवा जिल्लाको रसुवागढी, भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीबाट भएको ठूलो जनधनको क्षति पश्चात राहत तथा पुनर्स्थापना कार्यमा योगदान गर्न गाउँपालिकाका अध्यक्षको १ महिना बराबरको सुविधा, उपाध्यक्षको १० दिनको सुविधा, वडा अध्यक्षहरुबाट ७ दिनको सुविधा, कार्यपालिका सदस्यहरुबाट ५ दिनको सुविधा, र गाउँसभाका सदस्यहरुबाट ३ दिनको सुविधा, गाउँपालिका कर्मचारीहरु मध्यबाट तहविन कर्मचारीहरुबाट मासिक सुरु तलब स्केलको २ दिनको, सहायक स्तर ५औं सम्मका कर्मचारीहरुबाट ५ दिनको, अधिकृत स्तर छैठौं भन्दा माथिका कर्मचारीहरुबाट ७ दिनको, शिक्षकहरु तर्फ माध्यमिक द्वितीय, माध्यमिक तृतीय, निम्न माध्यमिक द्वितीय र प्राथमिक प्रथम ७ दिनको, निम्न माध्यमिक तृतीय, प्राथमिक द्वितीय र प्राथमिक तृतीयको ५ दिन बराबरको, तलब/पारिश्रमिक रकम २०८३ भदौ महिनाको मासिक सुविधा तथा तलब भुक्तानी गर्दा कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा जम्मा गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

मिति २०८३ साल भदौ १० गते रसुवा जिल्लाको रसुवागढी, भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीबाट भएको ठूलो जनधनको क्षति पश्चात राहत तथा पुनर्स्थापना कार्यमा योगदान गर्न गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट रु. ५ लाख रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा जम्मा गर्ने निर्णय गरियो ।

शुद्धोदन गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिले तयार पारेको गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, संगठन तथा व्यवस्थापन सर्वेक्षण मापदण्ड २०८२ अनुसार मुल्याङ्कनको लागि लुम्बिनी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

१

CamScanner

न गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०५।१८ गतेको बैठकका निर्णयहरु:

शुद्धोदन गाउँपालिकाले २०८२/८३ मा गरेका कार्यहरुको मुल्याङ्कन गरी स्थानीय तह कार्यसम्पादन मुल्याङ्कनको २०८२/८३ को प्राप्ताङ्क ७४.७ अनुमोदन गरी मुल्याङ्कनको लागि जिल्ला समन्वय समिति रुपन्देहीमा पेश गर्ने निर्णय गरियो ।

शुद्धोदन गाउँपालिकाको शिक्षा पार्श्वचित्र, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

शुद्धोदन गाउँपालिकाको आन्तरिक लेखा परिक्षण कार्यलाई थप व्यवस्थित, पारदर्शी, प्रभावकारी, अभिलेखयोग्य तथा प्रविधिमैत्री बनाउन तथा वेरुजु व्यवस्थापनको लागि आन्तरिक लेखा परिक्षण सम्बन्धी कार्य विद्युतीय प्रणाली मार्फत सञ्चालन गर्न आवश्यक देखिएकोले गाउँपालिकामा आन्तरिक लेखा परिक्षण विद्युतीय प्रणाली जडान तथा सञ्चालन गर्नको लागि रु. ३,९५,०००।– भयाट सहितमा सम्झौता गरी उक्त सफ्टवयर खरिद गर्ने निर्णय गरियो ।

शुद्धोदन गाउँपालिकाको खड्वा बनगाई स्वास्थ्य चौकीमा कार्यालय सहयोगीको रुपमा कार्यरत वेली खड्कालाई कार्यविधि अनुसार रु. ५० हजार रकम उपलब्ध गराउने निर्णय गरियो ।

शुद्धोदन गाउँपालिका र गाउँपालिका अन्तर्गत कार्यरत करारका कर्मचारीहरुको म्याद २०८३ पुस मसान्त सम्म थप गर्ने निर्णय गरियो । शुद्धोदन गाउँपालिकाको रोजगार सेवा केन्द्रमा कार्यरत अजय थारुको म्याद २०८३ असार मसान्त पछी थप नगर्ने निर्णय गरियो ।

शुद्धोदन गाउँपालिकाको वडा नं. ५ अन्तर्गत कोटहीमाई टोल विकास संस्था मगर टोलमा पर्ने नक्सा सिट नं. ०९८१७१ कित्ता नं. ११, १२, १४, १७, २८, १३, ३१, ३७, ४०, ४१ र २१ अन्तर्गतक जग्गाहरु लामो समय देखि हालसम्म बसोवास, घर वस्ती र खेतीपानी एवम् भोगचलन गर्दै आयको भन्ने व्यहोरा सम्बन्धीत वडा समितिबाट निर्णय भै आयोकोले सोही अनुसारको व्यहोरा आवश्यक कारवाहीको लागि राष्ट्रिय भूमि समस्या समाधान आयोगमा लेखि पठाउने निर्णय गरियो ।

शुद्धोदन गाउँपालिकाको आ.व. २०८३/८४ को साइलेज वितरण कार्यक्रमका लागि मिति २०८०/०४/२१ गते प्रकाशित सुचना अनुसार निवेदन दिएका सबै ११० जना कृषकका ९०० गोटा गाइ भैंसीलाई दैनिक ४ के.जी. का दरले ३० दिनको लागि बढीमा १०८००० के.जि. र २०० भेडा बाखा दैनिक ५०० ग्रामका दरले ३० दिनको लागि बढीमा ३००० के.जि. गरी जम्मा १११००० के.जि. साइलेजको ६० प्रतिशत अनुदानमा वितरण गर्ने निर्णय गरियो ।

आ.व.२०८२/०८३ मा वडा नं. ७ स्थित दानव नदीको मधुबनी घाटवाट जफत गरी ढुवानी गरेर वडा नं.७ को बोहरवा घाटमा राखेको (मौजादमा रहेको) नदीजन्य पदार्थ

मध्ये ४९००.०० घ.फि. नदीजन्य पदार्थ उक्त योजनाको रकम भुक्तानी हुदाँ गाउँपालिकाको स्वीकृत राजश्व र नियमानुसार लाग्ने कर दाखिलाहुनेगरी, वडा नं.७ को वडा स्तरिय सडक मर्मत गर्न उपलब्ध गराउने निर्णय गरियो।